## नेपाली प्राविधिक अभ्यासार्थी ♣...... जापान पठाउने निर्देशिका, (प्रथम संशोधन, २०६७ सहित) २०६६

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:**

(१) यो निर्देशिकाको नाम "नेपाली ♣...... प्राविधिक ♣...... अभ्यासार्थी जापान पठाउने निर्देशिका, (प्रथम संशोधन, २०६७ सहित) २०६६" रहेको छ ।

(२) यो निर्देशिका नेपालभर र कसैले नेपाल वाहिर बसी यस निर्देशिका विपरित कार्य गरेमा निजको हकमा समेत लागू हुनेछ ।

(३) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ ।

(ग) "करार" भन्नाले कामदार प्रशिक्षार्थी र इजाजतपत्रवाला एजेन्सी वा संस्था वीच भएको करार सम्झनु पर्छ ।

(घ) "एजेन्सी" भन्नाले बैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिमको स्वीकृति प्राप्त भई यस कार्यक्रम अन्तर्गत सूचीकृत भएको एजेन्सीलाई सम्झनु पर्छ ।

(ङ) "संस्था" भन्नाले नेपाल उद्योग बाणिज्य महासंघलाई सम्झनु पर्छ ।

(च) "JITCO" भन्नाले जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन सम्झनु पर्छ ।

(छ) ♣......

---

♣ पहिलो संशोधनद्वारा झिकिएको ।

(ज) "TIP" भन्नाले प्राविधिक अभ्यासार्थी कार्यक्रम अर्थात् Technical Internship Programme सम्झनु पर्छ ।

३. **जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत नेपाली श्रमिक जापान पठाउन चाहने संस्था सूचीकरण गर्ने व्यवस्था:** जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत जापानमा ♣............ *प्राविधिक अभ्यासार्थी पठाउन छनौट भएका इजाजत प्राप्त बैदेशिक रोजगार कम्पनी वा संस्था नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा सूचीकृत भएको हुनु पर्नेछ ।

४. **जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत नेपाली कामदार जापान पठाउन चाहने एजेन्सी वा संस्थाको कार्य प्रक्रिया :**

(१) **पूर्व स्वीकृति सम्बन्धी:** जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत जापानमा ♣...... प्राविधिक अभ्यासार्थी ♣...... पठाउँदा सूचीकृत एजेन्सी वा संस्था (Sending Organization) ले देहाय बमोजिमको प्रकृया पुऱ्याई पूर्व स्वीकृतिको लागि बैदेशिक रोजगार विभाग समक्ष निवेदन दिनु पर्नेछ:-

(क) प्रशिक्षार्थी/अभ्यासार्थी कामदार स्वीकार गर्ने संस्था (♣..........•Supervising Organization) बाट प्राप्त हुन आएको मागपत्रको जापान स्थित नेपाली दूतावासबाट प्रमाणीकरण भएको,

(ख) प्रशिक्षार्थी/अभ्यासार्थी कामदार पठाउने इजाजतपत्रवाला एजेन्सी वा संस्था (Sending Organization) ले जापानको प्रशिक्षार्थी कामदार स्वीकार गर्ने संस्थासंग प्रशिक्षार्थी पठाउने सम्बन्धी गरेको सम्झौताको प्रतिलिपि,

(ग) ♣...........

---

* पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।



(घ) निर्देशिकामा उल्लेख भए बमोजिमको जमानी पत्र,

(ङ) ♣...............•प्राविधिक अभ्यासार्थी स्वीकार गर्ने जापान स्थित संस्था ♣........•(Supervising Organization) को नाम, ठेगाना, फोन नं., e-mail, Website,

(ङ) ♣.........•प्राविधिक अभ्यासार्थीले लिने तालिमको किसिम र अवधि,

(च) ♣....•प्राविधिक अभ्यासार्थीको खाने बस्ने सुविधा,

(छ) ♣......•प्राविधिक अभ्यासार्थीले पाउने पारिश्रमिक, भत्ता तथा विदा सुविधा,

(ज) ♣.......•प्राविधिक अभ्यासार्थीको बीमा तथा अन्य सुविधा,

(झ) ♣.....•प्राविधिक अभ्यासार्थीको स्वास्थ्य उपचारको व्यवस्था,

(ञ) ♣.........•प्राविधिक अभ्यासार्थी जापान पठाउदा लाग्ने कुल खर्चको विवरण,

(२) **विज्ञापन प्रकाशित गर्ने अनुमति:** बैदेशिक रोजगार विभागले ♣.........•प्राविधिक अभ्यासार्थी पठाउने इजाजतपत्रवाला एजेन्सी वा संस्थाबाट माथि प्रकरण (१) मा उल्लेखित प्रक्रिया पुऱ्याई पेश गरेका कागजातहरु जाँचबुझ गर्दा उपयुक्त ठहरिएमा आवेदन परेको तीन दिनभित्र विज्ञापन प्रकाशित गर्न सम्बन्धित एजेन्सी वा संस्थालाई अनुमति दिनेछ ।

(३) **सूचनामा खुलाउनु पर्ने विषयहरु:** उपदफा (२) बमोजिमको स्वीकृति प्राप्त गरेपछि ♣...........•प्राविधिक अभ्यासार्थी पठाउने इजाजतपत्रवाला एजेन्सी वा संस्थाले देहायका कराहरु खुलाई पन्ध्र दिनको सार्वजनिक सूचना नेपालका राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ:-

(क) विभागबाट पूर्व स्वीकृति लिएको मिति र पत्रसंख्या,

---

* पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।

(ख) ♣ ........... •प्राविधिक अभ्यासार्थी पठाउने इजाजतपत्रवाला एजेन्सी वा संस्था (Sending Organization) को नाम, ठेगाना, इजाजत पत्र नम्बर •र मिति

(ग) प्रशिक्षार्थी कामदार स्वीकार गर्ने जापान स्थित संस्था (♣........... •Supervising Organization) को नाम, ठेगाना, फोन नं, e-mail र Website,

(घ) •प्राविधिक अभ्यासार्थीको पद,

(ङ) •प्राविधिक अभ्यासार्थीको माग संख्या,

(च) •प्राविधिक अभ्यासार्थीले लिनुपर्ने तालिमको बिबरण,

(छ) •प्राविधिक अभ्यासार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव,

(ज) •प्राविधिक अभ्यासार्थीले पाउने आवास तथा खाना सुविधा सम्बन्धी व्यवस्था,

(झ) •प्राविधिक अभ्यासार्थीले पाउने मासिक भत्ता/पारिश्रमिक,

(ञ) •प्राविधिक अभ्यासार्थीले दैनिक तथा साप्ताहिक रुपमा लिने तालिमको अवधि,

(ट) दरखास्तका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु,

(ठ) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति,

(ड) •प्राविधिक अभ्यासार्थीको बीमा तथा स्वास्थ्य सुबिधा सम्बन्धी व्यवस्था,

(ढ) •प्राविधिक अभ्यासार्थीले तिर्न पर्ने सेवा शुल्क, यातायात, भिसा तथा प्रबर्द्धन खर्च समेतको कुल खर्च,

(ण) •प्राविधिक अभ्यासार्थी छनौट गर्ने तरिका, मिति र स्थान,

• पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।



(त) ऐनको दफा ९ बमोजिम महिला, दलित, आदिबासी जनजाति, उत्पीडित बर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित ब्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिएको संख्या,

(थ) वैदेशिक रोजगार विभागले तोकेका अन्य कुराहरु ।

(४) **जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) कार्यक्रममा सहभागी हुने प्राविधिक अभ्यासार्थीको न्यूनतम योग्यता:** जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) कार्यक्रममा देहाय बमोजिमका योग्यता पुगेका प्रशिक्षार्थी तथा अभ्यासार्थीहरुले निवेदन दिन सक्नेछन्:-

(क) •प्राविधिक अभ्यासार्थी नेपाली नागरिक हुनु पर्ने,

(ख) •प्राविधिक अभ्यासार्थीको उमेर अठार वर्ष पुरा भई चालीस वर्ष ननाघेको हुनु पर्ने,

(ग) •प्राविधिक अभ्यासार्थीको नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायमा दर्ता भएका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि, सहकारी, सामुदायिक संघ संस्था, होटेल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा ♣...... काम गरेको अनुभव हुनु पर्नेछ । यस्तो संस्था नेपाल सरकारको सम्बन्धित निकाय वा स्थानीय निकायमा दर्ता भएको मितिले कम्तीमा तीन वर्ष पुगी संचालनमा रहेको हुनु पर्ने,

(घ) कृषि सम्बन्धी कामको निमित्त जान चाहने कामदारले सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा दुई वर्ष काम गरेको अनुभव हुनु पर्ने,

• पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।

(ङ) •प्राविधिक अभ्यासार्थीले जापानमा •प्राविधिक अभ्यासार्थीको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनु पर्ने,

(च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनु पर्ने,

(छ) सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारीस र फर्केर नेपाल आएपछि पुनःकाममा लगाउने प्रतिबद्धतापत्र संलग्न हुनु पर्ने,

**५. रोजगार अनुमति स्टिकर सम्बन्धी व्यवस्थाः**

(१) •प्राविधिक अभ्यासार्थी पठाउने संस्था (Sending Organization) ले उल्लेखित प्रक्रिया पुऱ्याई छनौट समेत गरिसकेको अवस्थामा अन्तिम स्वीकृति तथा रोजगार अनुमति स्टिकर प्राप्त गर्न निम्न विवरण सहित वैदेशिक रोजगार विभाग समक्ष निवेदन पेश गर्नु पर्नेछः-

(क) वैदेशिक रोजगार विभागबाट प्राप्त पूर्व स्वीकृतिको पत्र,

(ख) •प्राविधिक अभ्यासार्थी पठाउने एजेन्सी वा संस्था (Sending Organization) बीच भएको करार वा सम्झौतापत्र,

(ग) प्राविधिक अभ्यासार्थी कामदार लिने जापानी प्रतिष्ठान ♣.................•(Sending Organization) र •प्राविधिक अभ्यासार्थी बीचको करार वा सम्झौता पत्र,

(घ) •प्राविधिक अभ्यासार्थी पठाउने इजाजतपत्रवाला एजेन्सी वा संस्थाले •प्राविधिक अभ्यासार्थीले करार अवधि समाप्त भएपछि नेपाल फर्केर आउने सम्बन्धमा गरेको जमानीपत्रको प्रतिलिपि,

(ङ) जापानी भाषा तथा संस्कृति सम्बन्धी तालिममा

* पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।



सहभागी भई उत्तीर्ण गरेको तथा पूर्व प्रस्थान अभिमुखीकरण तालिम लिएको प्रमाणपत्र,

(च) स्वास्थ्य परीक्षण सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

(छ) वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ को उपदफा (१) को खण्ड (ग) बमोजिम बीमा गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ज) कल्याणकारी कोषमा रकम जम्मा गरेको रसिद,

(झ) •प्राविधिक अभ्यासार्थी पठाउने एजेन्सी वा संस्था (Sending Organization) लाई प्राविधिक अभ्यासार्थीले बुझाएको प्रबर्द्धन शुल्कको भर्पाई,

(ञ) •प्राविधिक अभ्यासार्थी जापान जान Sending Organization मा बुझाएको रकमको रसिदको छाँया प्रति,

(२) रोजगार अनुमतीपत्र प्रदान गरिएका व्यक्तिहरुको अनुसूची-१ बमोजिमको विवरण वैदेशिक रोजगार विभागले जापान स्थित नेपाली दूतावासमा पठाउनु पर्नेछ ।

**६. प्राविधिक अभ्यासार्थी पठाउने एजेन्सी तथा संस्थाको दायित्वः**

(१) सम्बन्धित •प्राविधिक अभ्यासार्थीलाई जापानको सम्बन्धित प्रतिष्ठानको मागमा जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) बाट प्राप्त माग संख्या अनुसार मात्र विज्ञापन गरी उपयुक्त कामदारको छनौट गर्नु पर्नेछ ।

(२) जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत •प्राविधिक अभ्यासार्थीको रुपमा जापानमा तालिम तथा Internship Course मा जान चाहने माथि प्रकरण ५ मा उल्लेखित न्यूनतम योग्यता पुगेका नेपाली नागरिकले माथि प्रकरण ४(३) मा उल्लेखित Sending Organization ले प्रकाशित गरेको सार्वजनिक सूचनाको अवधिभित्र सम्बन्धित संस्थाले तोकेको स्थानमा प्रकरण ८ मा उल्लेखित आफु कार्यरत रहेको औद्योगिक

* पहिलो संशोधनद्वारा थपिएको ।

प्रतिष्ठान वा संस्था वा निकायको सिफारीस सहित सम्बन्धित इजाजतपत्रवाला एजेन्सी वा संस्थाले बैदेशिक रोजगार नियमावली, २०६४ को अनुसूची-५ बमोजिमको ढांचामा आफु जान चाहेको एजेन्सी वा संस्था समक्ष आवेदन दिनु पर्नेछ।

(३) जापानमा तालिम तथा इन्टर्नसिप (Internship) को अवधि सकिए पछि अनिवार्य रुपमा नेपाल फर्कने प्रतिबद्धता (कबुलियत) •प्राविधिक अभ्यासार्थीलाई •प्राविधिक अभ्यासार्थी पठाउने इजाजतपत्रवाला एजेन्सी वा संस्था (Sending Organization) ले गराउनु पर्नेछ।

(४) •प्राविधिक अभ्यासार्थी जुन औद्योगिक प्रतिष्ठान, संस्था वा निकायको सिफारिशबाट जापानमा तालिम लिन गएको हो तालिम लिई फर्केपछि सोही प्रतिष्ठान, संस्था वा निकायले आफ्नो प्रतिष्ठान, संस्था वा निकायमा अनिवार्य रुपमा काममा लगाउनु पर्नेछ।

(५) प्राविधिक अभ्यासार्थीको रुपमा जापान तालिम लिन पठाइएको व्यक्ति कम्पनीबाट काम छोडी अन्यत्र गएमा वा करार अवधि सकिएपछि स्वदेश फिर्ता नभएमा सोको जानकारी/सूचना यथाशीघ्र बैदेशिक रोजगार विभाग तथा जापान स्थित नेपाली दूतावासमा दिनु पर्नेछ। यसरी कम्पनीबाट काम छाडी अन्यत्र गएका वा करार अवधि पूरा गरी स्वदेश नफर्कने कामदारलाई कामदार पठाउने अनुमति प्राप्त एजेन्सी वा संस्थाले जापान स्थित नेपाली दूतावास तथा बैदेशिक रोजगार विभागको सहयोगमा स्वदेश फर्काउन आवश्यक पहल गर्नु पर्नेछ।

तर, यसरी सूचना नदिने वा नेपाल फर्काउन श्रम तथा यातायात व्यवस्था मन्त्रालय/बैदेशिक रोजगार विभागको निर्देशनको पालना नगर्ने वा नेपाल फर्काउन प्रयास नगर्ने अनुमति प्राप्त बैदेशिक रोजगार एजेन्सी वा संस्थालाई

• पहिलो संशोधनद्वारा थपिएको।



श्रम तथा यातायात व्यवस्था मन्त्रालयले यस कार्यक्रमको सूचीकरणबाट हटाउनेछ।

(६) ♣..........

(७) •प्राविधिक अभ्यासार्थीको जापान बसाइ सहज तुल्याउन आवश्यक प्रबन्ध गर्ने, सम्पर्क व्यक्ति खटाउने वा श्रम तथा यातायात व्यवस्था मन्त्रालयको स्वीकृतिमा सम्पर्क कार्यालयको स्थापना गर्ने कार्य •प्राविधिक अभ्यासार्थी पठाउने इजाजतपत्रवाला संस्था वा एजेन्सी (Sending Organization) ले गर्नु पर्नेछ। त्यस्तो व्यक्ति वा संस्था जापानस्थित नेपाली दूतावासको अनुगमनमा रहने र त्यस्ता व्यक्तिले अन्यत्र काम गर्न पाउने छैन।

७. **औद्योगिक प्रतिष्ठान, संस्था तथा निकायहरुको दायित्वः** जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत जापानमा •प्राविधिक अभ्यासार्थी पठाउँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) आफ्नो उद्योग प्रतिष्ठानहरुमा दुई वर्षदेखि कार्यरत •प्राविधिक अभ्यासार्थीको रुपमा जापानमा तालिममा पठाउन सूचीकृत एजेन्सी वा संस्थालाई सिफारीस गर्ने। यसरी सिफारीस पठाएको •प्राविधिक अभ्यासार्थीको विवरण बैदेशिक रोजगार विभागमा पठाउनु पर्ने,

(ख) सिफारीस गर्दा •प्राविधिक अभ्यासार्थीको नाम, थर, ठेगाना, उमेर, तालिमको बिषय र आफ्नो प्रतिष्ठानमा काम गरेको अवधि र पद समेत खुलाएको हुनु पर्ने,

(ग) •प्राविधिक अभ्यासार्थीको रुपमा यसरी सिफारीस गरी पठाएको ब्यक्तिले जापानमा तालिम लिई फर्केपछि सम्बन्धित सिफारीसकर्ता प्रतिष्ठानमा अनिवार्य रुपमा रोजगार दिनुपर्ने,

• पहिलो संशोधनद्वारा थपिएको।
♣ पहिलो संशोधनद्वारा झिकिएको।

(घ) गलत सिफारीस गरेमा वा आफूले सिफारिश गरेको •प्राविधिक अभ्यासार्थी जापानबाट तालिम लिई फर्केपछि निजलाई रोजगार नदिएमा त्यस्तो एजेन्सी वा संस्था उपर नेपाल सरकारले प्रचलित कानून अनुसार कारबाही गरी जापान पठाउँदा र फर्कंदा लागेको कूल लागत समेत उक्त प्रतिष्ठान, संस्था वा निकायबाट बैदेशिक रोजगार विभागले दाखिला गराउन सक्ने ।

**८. प्राविधिक अभ्यासार्थीको दायित्वः**

(१) •प्राविधिक अभ्यासार्थीको रुपमा आवेदन दिदा वा छनौटको प्रक्रियामा विवरण बुझाउदा झुठ्ठा वा भ्रमपूर्ण विवरण वा कागजात पेश गर्नु हुदैन । यस्तो कागजात पेश गरी छनौट भएको वा •प्राविधिक अभ्यासार्थीको रुपमा जापान गएको अवस्थामा सो को जानकारी प्राप्त भएमा कुनै पनि बेला स्वदेश फिर्ता बोलाई जापान पठाउदा र फर्कदा लागेको लागत असूल उपर गरी/गराई प्रचलित कानून अनुसार कारवाही गरिनेछ । यसरी बैदेशिक रोजगार विभागले फिर्ता बोलाएको अवस्थामा निजले बुझाएको कुनै शुःल्क वा प्रवर्द्धन रकममा निजको मागदावी लाग्ने छैन ।

(२) जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत जापान जाने नेपाली •प्राविधिक अभ्यासार्थी आफ्नो करार बमोजिम तोकिएको अवधि सकिएपछि अनिवार्य रुपमा नेपाल फर्कनु पर्नेछ । समयमा नफर्की उक्त नियमको उल्लङ्घन गर्ने व्यक्तिलाई बैदेशिक रोजगार ऐन तथा अन्य नेपाल कानून बमोजिम कारवाही हुनेछ ।

(३) •प्राविधिक अभ्यासार्थीले छनौट भई जापानमा प्रशिक्षार्थी कामदार वा अभ्यासार्थीको रुपमा रहदा आफ्नो कार्य तथा पेशागत अनुशासनमा रही लगनशीलता र मेहनतपूर्वक काम गर्नु पर्नेछ ।

• पहिलो संशोधनद्वारा थपिएको ।



(४) •निजले तालिम अवधिभर जापान बस्दा पछि 'देहायका अतिरिक्त' जापान सरकारको प्रचलित कानून तथा नियमको पालना गर्नु पर्ने छ ।

क) •जापान सरकारको अध्यागमन कानूनको पूर्ण पालना,

ख) •प्राविधिक अभ्यासार्थी रुपमा गएको कम्पनी छाडी अन्यत्र काम नगर्ने,

ग) •कामको निमित्त गएको कम्पनी बाहेक अन्यत्र अतिरिक्त समय काम नगर्ने,

घ) •JITCO बाट जारी भएको प्राविधिक अभ्यासार्थी कार्यक्रम सम्वन्धी (Technical Intern Training -TITP) Guideline विपरितको कार्य नगर्ने ।

(५) निजको आचरण र व्यवहार नेपाली तथा जापानी संस्कृतिको मर्यादा र अनुशासनको सीमाभित्र आवद्ध भई उच्च नैतिकवान हुनु पर्नेछ ।

(६) ♣..............

(७) नेपाल फर्केपछि कामदार जुन औद्योगिक प्रतिष्ठानबाट तालिम लिन गएको हो सोही प्रतिष्ठानमा अनिवार्य रुपमा काम गर्नु पर्नेछ ।

(८) •जापानमा नेपाली प्राविधिक अभ्यासार्थीले जापानी भाषा तथा संस्कृति सम्वन्धी नेपाल सरकारबाट स्वीकृत संस्थाहरुबाट तालिम लिई तालिमको प्रमाणपत्र राखी आवेदन दिनु पर्नेछ ।

(९) •प्राविधिक अभ्यासार्थीले स्वीकृति बेगर आफ्नो काम (प्रशिक्षण) छाडी अर्को कम्पनीमा जान/भाग्न पाउने छैन । त्यसरी काम छाड्ने वा भागी अन्यत्र गएमा उक्त प्रक्रियामा लागेको खर्च र सम्बन्धित कम्पनीलाई तिर्नु पर्ने रकम •प्राविधिक अभ्यासार्थीबाट भराइनुका साथै बैदेशिक रोजगार ऐन नियम अनुसार कारबाही हुनेछ ।

• पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।

(१०) •प्राविधिक अभ्यासार्थी कार्यक्रम अन्तर्गत गएका कामदारहरुले जापान स्थित नेपाली दूतावास तथा आफूलाई पठाउने अनुमति प्राप्त सूचीकृत एजेन्सी वा संस्थासंग नियमित सम्पर्कमा रहनु पर्नेछ ।

**९. जापान स्थित नेपाली दूतावासको भूमिकाः**

(१) जापान स्थित नेपाली दूतावासले जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) तथा यस सम्बन्धमा जापानका निकायहरुसंग समन्वय र सहजीकरणको कार्य गर्नेछ ।

(२) नेपाली •प्राविधिक अभ्यासार्थी जापान पठाउन चाहने •प्राविधिक अभ्यासार्थी पठाउन इजाजतपत्रवाला संस्था (Sending Organization) ले सो सम्बन्धी मागपत्र दूतावासबाट प्रमाणित गर्नु पर्ने छ ।

(३) यस प्रक्रिया बमोजिम जापान पठाउने •प्राविधिक अभ्यासार्थीको विवरण बैदेशिक रोजगार बिभागले दूतावासलाई उपलब्ध गराउनु पर्नेछ र दूतावासले निजहरुको अनुगमन गर्नेछ ।

(४) नेपाली दूतावासले समय समयमा जापानमा कार्यरत नेपाली •प्राविधिक अभ्यासार्थीको अनुगमन गरी सोको प्रतिवेदन परराष्ट्र मन्त्रालय र श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) दूतावासको स्वीकृती प्राप्त गरी जापान आएका नेपाली •प्राविधिक अभ्यासार्थीहरुको हितको संरक्षण र उनीहरुको समस्या समाधान गर्न विशेष पहल गर्नु पर्नेछ ।

(६) •प्राविधिक अभ्यासार्थी कामदारसंग सम्बन्धित श्रम, रोजगार, अध्यागमन तथा प्रवेशाज्ञा लगायत जापान सरकारको प्रचलित कानून र नियम सम्बन्धी व्यवस्था वा संशोधन सम्बन्धमा परराष्ट्र मन्त्रालय र श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा समय समयमा जानकारी

• पहिलो संशोधनद्वारा थपिएको ।



गराउनु पर्नेछ ।

(७) •प्राविधिक अभ्यासार्थीको भिसा शुःल्क सम्बन्धमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।

(८) जापानमा •प्राविधिक अभ्यासार्थीको रुपमा कार्यरत नेपालीहरु काम छोडी अन्यत्र गएको वा करार अवधि पूरा गरी स्वदेश नफर्कने •प्राविधिक अभ्यासार्थीलाई स्वदेश फर्काउन जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) लगायत नेपाल र जापान सरकारका सम्बन्धित निकायहरुसँग आवश्यक सम्पर्क र समन्वय गरी आवश्यक कार्य गर्नु पर्नेछ ।

**१०. जापान स्थित •प्राविधिक अभ्यासार्थी स्वीकार गर्ने संस्था (Supervisings Organization) को सहयोगी भूमिकाः**

जापान स्थित •प्राविधिक अभ्यासार्थी स्वीकार गर्ने संस्थाको देहाय बमोजिम सहयोगी भूमिका रहनेछ :-

(क) •प्राविधिक अभ्यासार्थीको रुपमा बोलाइएका •प्राविधिक अभ्यासार्थीलाई निज प्रतिष्ठानमा काम गर्न उपस्थित भएपछि जापान स्थित नेपाली दूतावासमा जानकारी गराउने ।

(खं) नेपाली •प्राविधिक अभ्यासार्थीको कार्य अवस्था बारेमा अर्धवार्षिक रुपमा नेपाली दूतावासलाई जानकारी गराउने ।

(गं) प्राविधिक अभ्यासार्थीको रुपमा बोलाइएका •प्राविधिक अभ्यासार्थीलाई विमानस्थलमा लिन आउने व्यवस्था मिलाउने ।

(घ) यस कार्यक्रम अन्तर्गत कार्यरत नेपाली •प्राविधिक अभ्यासार्थीले काम छाडी अन्यत्र गएमा वा विदामा वा अन्य कारणले नेपाल फर्कन चाहेमा जानकारी हुनासाथ जापान स्थित नेपाली दूतावासलाई जानकारी दिने ।

(ङ) ♣..................

• पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।

११. प्रबर्द्धन खर्चः
(१) जापान स्थित जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) कार्यक्रम अन्तर्गत •प्राविधिक अभ्यासार्थी जापान पठाउन स्वीकृत प्राप्त संस्थाहरुले अधिकतम् रु ५०,०००।- (पचास हजार मात्र) प्रबर्द्धन खर्च स्वरुप लिन पाउनेछन् । यस्तो प्रबर्द्धन खर्चमा जापानी पक्षले तोके बमोजिम कामदारको स्वास्थ्य परीक्षण, अभिमुखीकरण तालिम, भैपरी आउने खर्च, •प्राविधिक अभ्यासार्थीको अनुगमन तथा बजार व्यवस्थापन गर्न लाग्ने खर्च समेत समावेश हुनेछ ।

(२) •जापान पठाउने संस्था (Sending Organization) ले गरेको आर्थिक कारोवार र आय व्यय विवरण (Receiving Organization बाट प्राप्त हुने रकम समेत) प्रचलित नेपाल कानून बमोजिम व्यवस्थित र पारदर्शी हुनु पर्नेछ ।

१२. ♣..........

१३. ♣..........

१४. प्रतिनिधिः श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट सूचीकृत भई जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) को सूचीमा समेत समावेश भएका अनुमति प्राप्त बैदेशिक रोजगार एजेन्सी वा संस्थाले जापानमा आफुले पठाएका •प्राविधिक अभ्यासार्थीहरुको रेखदेख, अनुगमन, व्यवस्थापन तथा बजार प्रबर्द्धनका निमित्त श्रम तथा यातायात व्यवस्था मन्त्रालयको अनुमति लिई प्रतिनिधि राख्नु पर्नेछ । प्रतिनिधिको अनुमति प्रदान गर्दा एजेन्सी/संस्थाले पठाएको •प्राविधिक अभ्यासार्थीको संख्या र कार्य स्थान (Location) को आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले संख्या निर्धारण गर्नेछ । प्रतिनिधिले दूतावासको अनुगमनमा रही निम्न कार्य गर्नेछः

(क) नेपालबाट गएका •प्राविधिक अभ्यासार्थीलाई जापानमा सहजीकरण गर्ने,

• पहिलो संशोधनद्वारा थपिएको ।
♣ पहिलो संशोधनद्वारा झिकिएको ।



(ख) कुनै समस्या आएमा समाधानमा सहयोग पुर्‍याउने,

(ग) नेपालबाट गएका •प्राविधिक अभ्यासार्थीले करार भङ्गगरी अन्यत्र काममा गएको अवस्थामा त्यस्ता कामदारको पहिचान गरी जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) र सम्बन्धित एजेन्सी मार्फत नेपाल सरकार र जापान स्थित नेपाली दूतावासलाई जानकारी दिने,

(घ) कार्य अवधि समाप्त गरी फर्कने •प्राविधिक अभ्यासार्थीलाई नेपाल फर्कन आवश्यक सहयोग गर्ने,

(ङ) जापानमा नेपाली •प्राविधिक अभ्यासार्थी पठाउन बजार प्रबर्द्धन गर्ने ।

१५ •पूर्व प्रस्थान तालिमः
(१) सूचीकृत एजेन्सी वा संस्थाले बैदेशिक रोजगार बिभागबाट पूर्व स्वीकृति लिई जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत प्राविधिक अभ्यासार्थी पठाउन सार्वजनिक सूचना प्रकाशित गरी सूचनाको म्याद भित्र पर्न आएका निवेदनहरु छानवीन गरी प्रारम्भिक छनौट गर्ने,

२) •प्रारम्भिक छनौट गरी सकेपछि जापान पठाउने प्राविधिक अभ्यासार्थीको भाषा परीक्षा नेपाल जाइका अलमानाई एसोसियसन JICA ALUMNI ASSOCIATION OF NEPAL (JAAN) बाट दिलाउने व्यवस्था मिलाउने । भाषा परिक्षा लिई दिने व्यवस्था मिलाउन प्रारम्भिक छनौट भएका व्यक्तिहरुको सूची Sending Organization ले बैदेशिक रोजगार बिभागमा पेश गर्ने ।

३) •बैदेशिक रोजगार बिभागले Sending Organization बाट प्रारम्भिक छनौट भएका व्यक्तिहरुको नामावली JAAN मा पठाई जापानी भाषा तथा संस्कृती सम्वन्धी परीक्षा लिन लगाउने ।

• पहिलो संशोधनद्वारा थपिएको ।

(४) •JAAN बाट परीक्षा उत्तिर्ण गरेका व्यक्तिहरुलाई अन्तिम छनौट गर्न Sending Organization ले Receiving Organization को प्रतिनिधी बोलाई बैदेशिक रोजगार बिभागको रोहवरमा प्राविधिक अभ्यासार्थीको छनौट गर्ने ।

**१६. अनुमति प्राप्त संस्थाको नवीकरण:**

(१) अनुमति प्राप्त एजेन्सी वा संस्थाको नवीकरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः :-

(क) जापान इन्टरनेशनल ट्रेनिङ्ग को-अपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत नेपाली प्राविधिक अभ्यासार्थी पठाउन अनुमति प्राप्त सूचीकृत एजेन्सी वा संस्थालाई अनुसूची २ बमोजिमको सूचीकरण प्रमाणपत्र प्रदान गरिनेछ ।

(ख) •सूचीकृत संस्थाहरुले प्राप्त गरेको सूचिकरण प्रमाणपत्र नविकरण गराउन चाहेमा प्रत्येक वर्षको जनवरी महिना भित्र बैदेशिक रोजगार विभागवाट नविकरण गराई सक्नु पर्नेछ । म्यादभित्र नविकरण नभएको सूचीकृत संस्था सूचीवाट स्वतः हट्नेछ ।

(ग) सूचिकरण प्रमाणपत्रको निमित्त तोकिए बमोजिमको प्रक्रिया पूरा गरेका एजेन्सी वा संस्थाले बार्षिक •रु १०,०००।- (दश हजार रुपैयाँ) बैदेशिक रोजगार प्रबर्द्धन बोर्डमा नवीकरण शुःल्क तिरी उक्त अनुमतिपत्रको नवीकरण गराउनु पर्नेछ ।

(घ) नेपाल उद्योग बाणिज्य महासंघले श्रम तथा यातायात व्यवस्था मन्त्रालय समक्ष गरेको समझदारीपत्रको (MOU) नवीकरण गर्न पर्ने छ ।

(ङ) यो निर्देशिका जारी हुनु पूर्व श्रम तथा यातायात व्यवस्था मन्त्रालय र नेपाल उद्योग बाणिज्य महासंघ बीच भएको समझदारीपत्रलाई यसै निर्देशिकामा तोकिए बमोजिम अनुमति पत्रको मान्यता प्रदान गरिने छ र आर्थिक वर्ष ०६७/६८ बाट प्रत्येक आर्थिक वर्षका निमित्त श्रावण मसान्तभित्र बार्षिक नवीकरण गर्नु पर्नेछ ।

(च) •जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन अन्तर्गत जापान प्राविधिक अभ्यासार्थी पठाउन भनी प्राविधिक अभ्यासार्थीको तर्फवाट रकम लिएको ६ महिना वा श्रम स्वीकृति लिएको ३ महिना भित्र प्राविधिक अभ्यासार्थी नपठाउने एजेन्सी वा संस्थालाई सूचीकरणवाट हटाई बैदेशिक रोजगार ऐन, २०६४ अनुसार प्राविधिक अभ्यासार्थीलाई क्षतीपूर्ति समेत दिनु पर्नेछ । यसरी क्षतीपूर्ति उपलब्ध नगराएमा बिभागले उक्त संस्थाको धरौटी वा बैंक ग्यारेन्टीवाट सम्वन्धित प्राविधिक अभ्यासार्थीलाई क्षतीपूर्ति उपलब्ध गराउनेछ ।

(२) •सूचीकृत सम्वन्धी व्यवस्थाः बैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त गरी बैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३ बमोजिम योग्यता पुगेका इच्छुक संस्थाहरुलाई प्रत्येक बर्षको January महिनामा सूचीकृत हुन बैदेशिक रोजगार बिभागले सार्वजनिक सूचना जारी गरी नियमानुसार छनौट गरी सूचीकृत गर्न सक्नेछ । तर एकपटक सूचिकृत भईसकेको संस्था नविकरण वहाल भएसम्म पूनः सूचीकृत हुन आवश्यक पर्ने छैन ।

(३) यस निर्देशिका बमोजिम सूचीकृत हुन चाहने संस्थाहरुले बैदेशिक रोजगार प्रवर्द्धन वोर्डमा रु.२०,०००।- (बीस हजार) बुझाई तोकिएका कागजात सहित सूचीकृत हुन निवेदन दिनु पर्नेछ ।

♣ .....................

• पहिलो संशोधनद्वारा थपिएको ।

• पहिलो संशोधनद्वारा थपिएको ।

♣ पहिलो संशोधनद्वारा झिकिएको ।

१७. **अनुगमनः**

(१) जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) अन्तर्गत नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने सम्बन्धमा देहाय बमोजिमको उच्चस्तरीय अनुगमन समिति रहनेछः-

(क) माननीय मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्रालय - संयोजक

(ख) सचिव, गृह मन्त्रालय - सदस्य

(ग) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(घ) सचिव, उद्योग मन्त्रालय - सदस्य

(ङ) सचिव, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(च) प्रतिनिधि, बैदेशिक रोजगार व्यवसायी संघ/संस्था (एक/एक जना) - सदस्य

(छ) सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय -सदस्य सचिव

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले प्राविधिक अभ्यासार्थीको सम्बन्धमा भइरहेको कार्यको अनुगमन गर्ने, प्रतिवेदन लिने, गर्नु पर्ने सुधारका सम्बन्धमा निर्देशन दिने र कार्यक्रमलाई पारदर्शी, स्वच्छ, व्यवस्थित र मर्यादित बनाउन निर्देशित गर्ने ।

(ख) यस निर्देशिकाको कार्यान्वयनमा अस्पष्टता वा बाधा अड्चन देखापरेमा सो फुकाउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई आवश्यक परामर्श दिने ।

१८. **ठगी तथा भ्रष्टाचार सम्बन्धी कारवाही:**

(१) यस निर्देशिकामा गरिएको व्यवस्था बाहेक *प्राविधिक अभ्यासार्थी जापानमा पठाउने भनी ठगी तथा अनियमितता

* पहिलो संशोधनद्वारा थपिएको ।



गर्ने, तोकिएको समयभित्र नपठाउने एजेन्सी वा संस्थालाई बैदेशिक रोजगार ऐन, २०६४ र बैदेशिक रोजगार नियमावली, २०६४ बमोजिम कारबाही हुनेछ ।

(२) यस निर्देशिकाले तोकेको शुःल्क भन्दा बढी रकम लिने दिने दुबैलाई भ्रष्टाचारको कसुरमा भ्रष्टाचार निवारण ऐन बमोजिम कारवाही र सजाय हुनेछ ।

१९. **अन्य विषयः** यस निर्देशिकामा उल्लेख नभएका विषयहरु बैदेशिक रोजगार ऐन, २०६४ र बैदेशिक रोजगार नियमावली, २०६४ तथा श्रम तथा यातायात व्यवस्था मन्त्रालय र जापान इन्टरनेशनल ट्रेनिङ्ग कोअपरेसन अर्गनाइजेसन (JITCO) बीच भएको समझदारीपत्र बमोजिम हुनेछ ।

२०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकामा उल्लेखित विषयहरु कार्यान्वयनको क्रममा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा निहित रहनेछ ।

२१. **संशोधन तथा खारेजीः** यस निर्देशिकाको संशोधन तथा खारेज गर्ने अधिकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा रहनेछ ।

## अनुसूचीहरू

अनुसुची-१: ●प्राविधिक अभ्यासार्थी कार्यक्रम (TIP) मा जाने नेपाली कामदारको व्यक्तिगत विवरण फारम

अनुसूची-२: JITCO अन्तर्गत ●प्राविधिक अभ्यासार्थी कार्यक्रम (TIP) मा कामदार पठाउने अनुमति सम्बन्धी प्रमाणपत्रको ढाँचा।

अनुसूची-३: जापानमा प्राविधिक अभ्यासार्थी कामदार पठाउन सकिने क्षेत्रहरु



## अनुसूची-१

### ITP र TIP कार्यक्रममा जाने नेपाली कामदारको व्यक्तिगत विवरण फारम

क्र.सं विवरण

१ **व्यक्तिगत विवरण**

नाम थर :-
स्थायी ठेगाना :-
नागरिकता नं र जिल्ला :-
बाबुको नाम थर :-
आमाको नाम थर :-
अस्थाई/सम्पर्क ठेगाना :-

२ **राहदानी सम्बन्धी विवरण**

राहदानी नं :-
जारी गर्ने कार्यालय :-
जिल्ला :-
जारी मिति :-
राहदानी बहाल रहने मिति :-

३ **काम गर्न जाने कम्पनीको विवरण**

कम्पनीको नाम :-
ठेगाना :-
काम गर्ने पद :-
सम्पर्क फोन नं र इमेल :-
कामको करार अवधि :-
जापान पुग्ने मिति (दिन समेत) :-
जापानमा कुनै सम्पर्क भए सोको विवरण :-

४ **रकम बुझाएको विवरण:**

प्रवर्द्धन शुल्क :-

भाषा तथा संस्कृति तालिममा बुझाएको रकम :

बीमा शुल्क र अवधि :-

कल्याणकारी कोषमा जम्मा गरेको रकम र रसिद नं :-

भिसा शुल्क:

हवाई टिकट:

जम्मा

५ **जिम्मा जमानी लिने व्यक्तिको विवरण:**

जिम्मा जमानी लिने व्यक्तिको नाम :-

ठेगाना :-

नाता :

६ **जापान पठाउने नेपाली एजेन्सी वा संस्थाको विवरण:**

नाम:

ठेगाना:

टेलिफोन नं:

फ्याक्स नं :

इमेल ठेगाना:

७ **जापानमा सम्पर्क गर्ने सम्बद्ध एजेन्सी वा संस्थाका प्रतिनिधिको विवरण:**

जापानमा सम्पर्क गर्ने निकाय वा व्यक्तिको नाम :

ठेगाना :

टेलिफोन नं:

फ्याक्स नं :

इमेल ठेगाना:



# अनुसूची - २

S.No.

**GOVERNMENT OF NEPAL**

**Ministry of Labor and Transport Management**

**Singhdarbar, Kathmandu**

**<u>Authority Certificate for Sending Trainees Workers to Japan</u>**

It is Certified that .......................... Company Licence No. ................... Situated in .................... is authorized as being the Sending agency under Industrial training and technical Intern training Program under JITCO. This Certificate holder must Comply with the Foreign Employment Law. JITCO directive and Instructions issued by the ministry.

This Certificate is valid unitl. ........................ and should be renewed every year with in .................... days of its expiry.

...............................

Authorized Signature

Name:-

Issue Date:-

**Renewal Record**

| S.N. | Date | Renewed Upto | Signature of the Official |
|---|---|---|---|
| 1. | | | |
| 2. | | | |
| 3. | | | |
| 4. | | | |
| 5. | | | |
| 6. | | | |

# अनुसूची - 3

Approved Occupations for Technical Internship Programs (1) Approved Occupation for Technical Internship Programs (64 types of occupations, 120 selective works)

**1. Agriculture (2 types of occupation, 5 selective works)**

| **Type of occupation** | **Selective work** |
|---|---|
| Cultivation agriculture* | Facility horticulture |
| | Upland field cropping / Vegetable growing |
| Livestock agriculture* | Hog raising |
| | Poultry farming(collecting chicken egges) |
| | Dairy |

**2. Fisher (1 type of occupation, 7 selective works)**

| **Type of occupation** | **Selective work** |
|---|---|
| Fishing boat fisheries* | Skipjack pole and line fishery |
| | Tuna long-line fishery |
| | Squid jigging |
| | Purse seine fishery |
| | Trawl fishery |
| | Drift net fishery |
| | Set net fishery |

**3. Construction (21 types of occupation, 31 selective works)**

| **Type of occupation** | **Selective work** |
|---|---|
| Well drilling | Percussion type well drilling operation |
| | Rotary type well drilling operation |
| Building sheet metal work | Duct sheet metal operation |
| Freezing and air conditioning apparatus installing | Freezing and air hormonizing equipment installation work |
| Fixture making | Hand processing work of wooden fixture |
| Carpentry | Carpentry construction work |
| Frame working | Framing construction work |
| Reinforcing bar construction | Assembling reinforced rod bar work |
| Scaffolding | scaffolding building work |
| Building stone constructing | Stone processing work |
| | Work of putting out stones |
| Tiling | Tiling work |
| Tile roofing | Tile-roofing work |
| Plastering | Plasterers work |
| Plumbing | Construction piping work |
| | Plant piping work |
| | Heat-retention and cool-retention construction work |
| Interior finishing | Carpeting floor finishing construction work |
| | Metal-made foundation construction work |
| | Board finishing construction work |
| | Curtain installation work |
| Sash setting | Building sash installation work |
| Water proofing | Sealing water-proof construction work |
| Concrete pressure feeding | Concrete pressure transfer construction work |
| Well point construction | Well-point construction work |
| Paper hanging | Painting work |
| Application of construction equipment* | Dozing work |
| | Loading work |
| | Excavating work |
| | Road rolling work |

**4. Food Manufacturing (7 types of occupation, 12 selective works)**

| **Type of occupation** | **Selective work** |
|---|---|
| Can seaming for canned foods* | Can seaming for canned foods |
| Poultry processing industry* | Poultry processing |
| Heated fishery processed foodstuff manufacturing work* | Extract manufacturing |
| | Heated dried product manufacturing |
| | Flavored product manufacturing |
| | Smoked product manufacturing |
| | Salted product manufacturing |
| Non-heated fishery processed foodstuff manufacturing work* | Dried product manufacturing |
| | Fermented foodstuff manufacturing |
| Fish paste making | Boiled fish paste producing work |
| Ham, sausage and bacon making | Production work of ham, sausage and bacon |
| Bread baking | Bread baking work |

**5. Textile (9 types of occupation, 16 selective works)**

| **Type of occupation** | **Selective work** |
|---|---|
| | Pre-spinning work |
| | Spinning process |

| | |
|---|---|
| Spinning operation* | Winding process<br>Twisting and doubling work<br>Sizing and warping work |
| Weaving operation* | Weaving process<br>Inspecting work |
| Dyeing | Thread permeation dyeing work<br>Fabric and knit dyeing |
| Knit goods manufacturing | Socks producing work<br>Round knitting producing work |
| Ladies' and children's dress making | Sewing work of ready-made clothes for ladies and children |
| Tailoring men's suit making | Sewing work of men's ready-made clothes |
| Bedclothes making | Bedding products work |
| Canvas product making | Canvas cloth products related work |
| Cloth sewing | Dress-shirt producing work |

**6. Machinery & Metal (15 types of occupation, 28 selective works)**

| Type of occupation | Selective work |
|---|---|
| Casting | Casting iron and article operation<br>Casting copper compound and article operation<br>Casting light alloy and article operation |
| Forging | Hammer type forging operation<br>Press type forging operation |
| Die casting | Hot chamber die-cast work<br>Cold chamber die-cast work |
| Machining | Ordinary lathe operation<br>Milling machine operation |
| Metal press | Metal press operation |
| Iron work | Sheel processing operation for structure |
| Factory sheet metal work | Machine sheet metal operation |
| Electroplating | Electric plating work<br>Meltdown zine plating work |
| Aluminum anodizing | Anode oxidation treatment work<br>Melting equipment finishing work<br>Metal mold finishing work<br>Machine assembling finishing work |
| Machine inspection | Machine inspection work |
| Machine maintenance | Machine maintenance work |
| Electronic equipment assembling | Electronic devices assembling work<br>Spinning electric machine assembling work |



| | |
|---|---|
| Electric equipment assembling | Transformer assembling work<br>Control panel and distribution panel assembling work<br>Open-close control device assembling work<br>Spinning electric cord-reel producing work |
| Print wiring board manufacturing | Print distribution panel design<br>Print distribution panel production |

**7. Others (9 types of occupation, 21 selective works)**

| Type of occupation | Selective work |
|---|---|
| Furniture making | Hand processing on furniture making |
| Printing | Off-set printing work |
| Book binding | Bookbinding work<br>Magazine binding work<br>Bookbinding work of office goods |
| Plastic molding | Compressing forming work<br>Injection forming work<br>Inflation forming work<br>Blow forming work |
| Reinforced plastic molding | Hand-loaded layer forming work |
| Painting | Construction painting work<br>Metal painting work<br>Metal bridge painting work<br>Spray painting work |
| Welding* | Manual welding<br>Semi-automatic welding |
| Industrial packaging | Industrial wrapping work<br>Printing box punching work<br>Printing box producing work |
| Carton box and corrugated card board box making | Paste box producing work<br>Cardboard protducing work |

***NOTE:***

* Skill evaluation system approved by JITCO. Other occupations are based on National Trade Skill Test.